संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति - २०६६ जेठ ५**

---

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा सर्वोच्च अदालतको न्यायिक सुधारको स्वागत

उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले सर्वोच्च अदालतका नवनियुक्त प्रधानन्यायाधीश सम्माननीय मीनबहादुर रायमाझीसँग मङ्गलबार भेट गर्नुभयो। भेटका अवसरमा प्रमुख बेनेटले प्रधानन्यायाधीशले सुरु गर्नुभएका कैयौं न्यायिक सुधारहरूबारे उल्लेख गर्नुभयो। न्यायिक सुधारहरूभित्र अदालतका निर्णय कार्यान्वयन निर्देशनालयको स्थापना, न्यायिक व्यवस्थाभित्र भएका अनियमितताबारे उजुरी दर्ता गराउन चाहने व्यक्तिको प्रयोगका लागि टेलिफोन हटलाइनको स्थापना तथा पारदर्शिता अभिवृद्धि गराउन सर्वोच्च अदालतमा सीसीटीभी जडान गर्ने कार्य रहेका छन्। प्रमुख बेनेटले मानवअधिकार र कानुनी शासनको संरक्षणमा सर्वोच्च अदालतको अत्यन्त महत्त्वपूर्ण भूमिकालाई स्वीकार गर्दै प्रधानन्यायाधीशद्वारा सुरु गरिएका पहलहरूको स्वागत गर्नुभयो। प्रमुख बेनेटले न्यायपालिकालाई सहयोग गर्ने उच्चायुक्तको कार्यालयको इच्छा दोहऱ्याउनुभयो र राष्ट्रिय न्यायिक प्रतिष्ठानको सहयोगमा न्यायपालिकाका कर्मचारीहरूका लागि सञ्चालन हुने मानवअधिकारसँग सम्बन्धित गोष्ठीलगायत आगामी संयुक्त प्रयासहरूबारे छलफल गर्नुभयो। उच्चायुक्तको कार्यालयले न्यायपालिकाको स्वतन्त्रतालाई सहयोग गर्ने कार्य जारी राख्नेछ।

**For further information contact Marty Logan, Tel.: 428 0164 (Ext.321); 98510 16922 (mobile), mlogan@ohchr.org, or Chun Gurung, tel: 4280164, ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org**
**Website: http://nepal.ohchr.org**